# Climate Change

✍ होमबहादुर गुरुङ[1]

हिजो दिनभरि आकाश खुल्ला थियो घाम लाग्यो
तर आज बादल लाग्यो घाम देखिएन सिमसिम पानी पऱ्यो
My dear friend यसैलाई भन्छन् Weather Change

वायुमण्डलमा यस्तै हावा र पानीको बहावमा फेरबदल आयो
न्यूनतम ३० वर्षको अन्तरालमा पृथ्वी सोचेभन्दा बढी तात्यो
My dear friend यसैलाई भन्छन् Climate Change

पहिला वायुमण्डलमा प्राकृतिक कार्बनडाइअक्साइड ०.०३% थियो
औद्योगिक विकासपछि ठूला ठूला विकसित देशहरुले यो प्रतिशत ह्वात्तै बढाइदिए
My dear friend यसैलाई भन्छन् Climate Change

हिमाल पग्लियो हिमताल फुट्यो तराई समतल भूमि
डुबानमा परिवर्तन भयो
खडेरी भयो एकै दिनमा ४२२ ठाउँमा आगलागी भयो
पानीका स्रोत सुके, अनावृष्टि भयो
My dear friend यसैलाई भन्छन् Climate Change

हिमालमा ABC कालो बादल आयो पहाडमा मच्छर लाग्यो
हुम्लामा मकै र कोदो फल्न थाल्यो
My dear friend यसैलाई भन्छन् Climate Change

वैशाखमा पाक्ने काफल फाल्गुणमा पाक्यो
चैतमा फुल्ने लालीगुराँस पुसमा फुल्न थाल्यो
My dear friend यसैलाई भन्छन् Climate Change

[1] पत्राचारः चिसापानी सामुदायिक वन उपभोक्ता समूह, माकर-२, चिसापानी, नवलपरासी

मानव सिर्जित क्रियाकलापबाट हुने हरितगृह ग्यास कटौती गरौं
व्यापक वृक्षरोपण गरौं वनको संरक्षण गरौं अनि जलवायु परिवर्तनको असरबाट बचौं
My dear friend अब कम गरौं Climate Change

सामुदायिक वनमार्फत दिगो वन व्यवस्थापन गरौं
रेडको अवधारणाबाट कार्बन उत्सर्जन कटौती गरौं
My dear friend अब कम गरौं Climate Change

वन संरक्षण गर्दै पानीका स्रोत बचाऔं
जैविक विविधतालाई बचाऔं वन पैदावारको सतत उपयोग गरौं
My dear friend अब कम गरौं Climate Change

विदेशी दाताहरुबाट रेडप्लसको पैसा आयो
यसको सही सदुपयोग गरौं सहभागितामूलक वन व्यवस्थापन गर्दै कार्बन सञ्चिति वृद्धि गरौं
My dear friend अब कम गरौं Climate Change

वैकल्पिक ऊर्जाको प्रयोग गरौं दाउराको प्रयोग कम गरौं
रेडप्लसको सही सदुपयोग गरौं
My dear friend अब कम गरौं Climate Change

वन विनाश र वन क्षयीकरण हुन नदिन आग्रह गर्दछु सबैलाई
My dear friend हामी सबै मिलेर कम गरौं Climate Change